## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/११/०५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
| --- | --- | --- | --- | --- | --- |
| १ | प्रतिवादीहरु दुर्गा दाश महर्जन, रवि शंकर पाण्डेय, रामनारायण यादव, बिष्णु प्रसाद काफ्ले , उत्तम कुँवर योगेन्द्र आचार्य, सिताराम अधिकारी र नविन दाहाल मु.नं (०७९-CR-०१२९) फैसला मिति २०८०/१२/०५ | कित्ताकाट गर्ने क्रममा गैरकानूनी तरिकाले नक्सा परिवर्तन गरी क्षेत्रफल बढाई गलत लिखत समेत तयार गरी भ्रष्टाचार गरेको । | **आयोगको माग दावी**<br>• प्रतिवादीहरु नापी कार्यालय, चावहिल, काठमाडौंका तत्कालिन प्रमुख नापी अधिकृत दुर्गा दाश महर्जन, नापी अधिकृत रवि शंकर पाण्डेय र सर्भेक्षक रामनारायण यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको सरकारी निकायको कागजातमा अनाधिकार वा गैरकानुनी तरिकाले सच्याउने वा हेरफेर गर्ने कसूरमा सोही दफा बमोजिम सजाय हुन, प्रतिवादीहरु मालपोत कार्यालय चावहिल, काठमाडौंका तत्कालिन मालपोत अधिकृत बिष्णु प्रसाद काफ्ले र नायव सुब्बा उत्तम कुँवरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम उक्त नापी कार्यालयबाट तयार पारिएको परिवर्तित नक्सालाई पूर्णता दिन राजिनामा लिखतहरु पारित गर्ने र गलत लिखतहरुलाई प्रमाणित गरेको कसूरमा सोही दफा बमोजिम सजाय हुन, प्रतिवादीहरु साविकका जग्गाधनीहरु योगेन्द्र आचार्य, सिताराम अधिकारी र नविन दाहालले आफूहरुलाई लाभ प्राप्त गर्ने उद्देश्यले अनाधिकृतरुपमा उक्त कित्ताहरुको आकार प्रकार परिवर्तन गरी क्षे.फ. बढ कायम गरी नक्सा परिवर्तन गरि गराई नापी कार्यालय तथा मालपोत कार्यालयको कर्मचारीहरुलाई सहयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र ९ बमोजिमको कसूरको दफा २२ बमोजिम मतियारको कसूर गरेकोले उक्त कसूरमा सोही दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भए बमोजिम मूख्य कसूरदारलाई हुने सजाय सरह सजाय हुनदाबी लिएको अवस्था देखिन्छ ।<br>**अदालतको फैसला**<br>• यी प्रतिवादिहरुले आरोपदावीको कसूरबाट सफाई पाउने ठहर गरी विशेष अदालतबाट फैसला भएको देखिन्छ । | • प्रतिवादीहरु तत्कालिन प्रमुख नापी अधिकृत दुर्गा दाश महर्जन, नापी अधिकृत रवि शंकर पाण्डेय र सर्भेक्षक रामनारायण यादव तथा मालपोत अधिकृत बिष्णु प्रसाद काफ्ले र नायव सुब्बा उत्तम कुँवर र साविकका जग्गाधनीहरु योगेन्द्र आचार्य, सिताराम अधिकारी र नविन दाहालले आरोपित कसूरमा इन्कार रही वयान गरेको देखिएको ।<br>• नापी कार्यालय चावहिलबाट मुल सर्भे नक्सा बमोजिम क्षेत्रफल कायम गर्दा नेपाल सरकारको पर्ति वा सार्वजनिक वा ब्यक्ति विशेषको जग्गा घुसाई बढ कायम गरेको नदेखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ मा वर्णित कसूरजन्य कार्य नदेखिएको र साविकका जग्गाधनीहरुको सोही कार्यको मतियारको कसूर स्थापित हुन सक्ने नदेखिएकोले यी प्रतिवादिहरुले आरोपदावीको कसूरबाट सफाई ठहर गरी विशेष | • जिल्ला काठमाडौं कागेश्वरी मनहरा नगरपालिका साविक मुलपानी १ ख कि.नं. ७०८, ७०९, ६६६ र ८१३ को जग्गा कित्ताकाट गर्ने क्रममा सरकारी कागजात नक्सामा अनाधिकृतरुपमा कित्ताहरुको आफू खुसी नभएको क्षेत्रफललाई जोडी कानुन विपरित कित्ताकाट गरेको भन्ने उजूरी रहेको प्रस्तुत मुद्दामा उक्त कित्ता जग्गाहरुको नापी कार्यालय, चावहिलबाट मिति २०७७।१२।३१ मा कित्ताकाट हुँदा सविक कि.नं. ६६६, ७०९ र ८१३ कि.का. भई कायम कि.नं. ८२० देखि ८२८ हुँदा क्षे जम्मा क्षे.फ.३४०.९८ व.मी. (०-१०-३-०) क्षेत्रफल बढ कायम गर्ने गरी तथा नक्सा समेत परिवर्तिन गरिएको मिसिल संलग्न उक्त कित्ता जग्गाहरुको साविकको सर्भे नक्सा तथा हाल तयार गरिएको फायल नक्सा समेतका कागजातबाट पुष्टि हुन आएको छ ।<br>• जग्गा नापजाँच तथा नक्सा श्रेष्ता अद्यावधिक सम्बन्धी निर्देशिका, २०७३ को दफा ६८ को उपदफा (८) मा विवादित नक्सा भोग र नक्सामा फरक तथा क्षेत्रफलमा फरक भएको भन्ने देखिएकोमा पुनः नापी गर्न आवश्यक हुने भन्ने व्यवस्था रहेकोमा पुनःनापी हुँदाका बखत नक्सा सुधार हुनसक्ने अवस्थाको विद्यमानता हुँदाहुँदै उक्त स्थानको पुनःनापी नहुँदै नक्सा सुधार गरेको देखियो, "मालपोत कार्यालयले मालपोत ऐन, २०३४ को दफा ८क(२) बमोजिम नक्सा संशोधन गर्न विभागमा लेखी पठाउँदा सो कित्ताको साविक प्रमाण समेतका आधारमा सरकारी/सार्वजनिक जग्गा वा कुनै अन्य संधियारहरुको जग्गा समावेश भए नभएको बारेमा कार्यालयको प्राविधिक प्रतिवेदन लिनुपर्नेछ । उक्त जग्गामा निदेवकको साविक देखिको भोग चलन भए नभएको सम्बन्धमा फिल्ड सर्जमिन मुचुल्का तयार गरी सहमतिका लागि विभागमा पठाउनु पर्नेछ" भन्ने व्यवस्था हुँदाहुँदै सो प्रक्रिया पनि पुरा नगरी नक्सा सुधार कार्य सम्पन्न गरेको देखिँदा उक्त कार्य त्रुटीपूर्ण भएको भन्ने देखिन्छ भन्ने प्रमुख नापी अधिकृत कृष्ण प्रसाद सापकोटा समेतले नापी विभागमा मिति २०७९।०६।११ मा पेश गरेको प्रतिवेदन नापी विभाग, मिनभवनको च.नं. १६२, मिति २०७९।०७।१८ को पत्रसाथ प्राप्त भएको र सो प्रतिवेदन बेहोरालाई पुष्टि हुने गरी प्रमुख नापी अधिकृत कृष्ण प्रसाद सापकोटा र नापी अधिकृत ध्रुव थापा समेतले अदालतमा उपस्थित भई वकपत्र गरेको देखिएकोले प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम घटना वा अवस्थाका सम्वन्धमा भएको अनुसन्धान वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो ब्यक्त गर्ने ब्यक्ति साक्षीको रुपमा अदालतमा उपस्थित भई वयान गरेमा प्रमाणमा लिन हुन्छ ।" भन्ने कानूनी ब्यवस्था अनुसार उक्त वकपत्रलाई प्रमाणमा ग्रहण गरी यी प्रतिवादीहरुलाई आरोप दावी बमोजिमको कसूर ठहर गरी सजाय गर्नु पर्नेमा प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण हुँदा बदर भागी छ ।<br>• नापी कार्यालयमा कार्यरत यी प्रतिवादीहरुले कित्ताकाट गर्ने क्रममा सरकारी कागजात नक्सामा अनाधिकृतरुपमा कित्ताहरुको आकार प्रकार परिवर्तन गरी कि.नं. ७०९, ६६६ र ८१३ को टायल चेकबाट क्षेत्रफल बढ कायम गर्ने क्रममा प्रतिवादी सर्भेक्षक रामनारायण यादवले परिवर्तित नक्सा तयार गरी कित्ताकाट गरेको, प्रतिवादी नापी अधिकृत रवि शंकर पाण्डेयले चेकजाँच गरेको र प्रतिवादी प्रमुख नापी अधिकृत दुर्गा दाश महर्जनले प्रमाणित गरी नापी कार्यालयमा रहेको सक्कल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अदालतबाट फैसला भएको छ । | नक्सा सच्याउने र हेरफेर गर्ने कार्य गरी आरोपदावी बमोजिमको कसूर गरेको पुष्टि भएको छ ।<br>• उक्त जग्गाको टायल चेकबाट क्षेत्रफल बढ कायम गरी मालपोत कार्यालय, चावहिलमा लिखतहरु पठाएकोमा मालपोत ऐन, २०३४ को दफा ८क(२) बमोजिम "जग्गाको वास्तविक स्थिति र नापी नक्सामा एकरुपता नभएको देखिएमा मालपोत कार्यालयले नापी नक्सामा सुधार गर्न नापी विभागमा लेखी पठाउनु पर्नेछ र त्यसरी लेखी आएपछी नापी विभागले नापी नक्सामा आवश्यक सधुार गर्नु गराउनु पर्नेछ ।" भन्ने कानूनी व्यवस्था तथा जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ३७४ को उपदफा (१) को देहाय खण्ड (ग) बमोजिम "श्रेस्ता कायम भएको जग्गाभन्दा नक्सामा देखिएको जग्गा असामान्य रुपमा बढी देखिएमा नापी शाखाका प्राविधिक र कार्यालयका कम्तीमा खरिदार स्तरका कर्मचारीबाट फिल्ड निरीक्षण र सर्जमिन गराई त्यस्तो फिल्ड निरीक्षण प्रतिवेदनको आधारमा कुनै सरकारी सार्वजनिक वा व्यक्ति विशेषको जग्गा नघुसेको भएमा मात्र त्यस्तो बढी जग्गा कायम गरिदिने" भन्ने स्पष्ट कानूनी व्यवस्था विपरीत उल्लिखित कित्ताहरु मध्ये कि.नं. ८१३ को जम्मा क्षे.फ. १०४.४६ व.मी. भएकोमा २७८.३४ व.मी अश्वभाविक बढ कायम गरी पठाउँदा समेत फिल्डमा चेकजाँच नगरी र तत्कालिन भूमिसुधार मन्त्रालयको मिति २०६२।२।१९ को सचिवस्तरीय निर्णय बमोजिम लिखतबाट एकपटक कित्ताकाट भै सकेका कित्ताहरुमा टायल चेक गरी जग्गा घटी बढी गराउन नमिल्ने भन्ने निर्णयको समेत बेवास्ता गरी नापी कार्यालयबाट तयार पारिएको परिवर्तित नक्सालाई पूर्णता दिने कार्यमा सहयोग पुऱ्याई सो कार्यालयबाट पेश भएका राजिनामा लिखतहरु पारित गरी गलत लिखतहरुलाई प्रमाणित गरी गलत जग्गाधनी दर्ता श्रेष्ता लिखत समेत तयार गर्ने कार्य प्रतिवादीहरु मालपोत कार्यालय चावहिल, काठमाडौंका तत्कालिन मालपोत अधिकृत बिष्णु प्रसाद काफ्ले र नायव सुब्बा उत्तम कुँवरले गरेको देखिई यी प्रतिवादीहरुले आरोपदावी बमोजिमको कसूर गरेको पुष्टि भएको छ ।<br>• प्रतिवादीहरु साविकका जग्गाधनीहरु योगेन्द्र आचार्य, सिताराम अधिकारी र नविन दाहालले उक्त जग्गाहरुको कित्ताकाट गर्ने क्रममा आफूहरुलाई लाभ प्राप्त गर्ने उद्देश्यले अनाधिकृतरुपमा कित्ताहरुको आकार प्रकार परिवर्तन गरी टायल चेकबाट अश्वभाविक रुपमा क्षे.फ. बढ कायम गरी नक्सा तयार गर्ने कार्यमा नापी कार्यालय, चावहिलका कर्मचारीहरुलाई र परिवर्तित नक्सा बमोजिमको क्षेत्रफल कायम गरी गलत लिखत पारित गर्न मालपोत कार्यालय, चावहिलका कर्माचारीहरुलाई सहयोग पुऱ्याई निजहरुले आफूहरुले लाभ लिई उक्त कसूर गर्न राष्ट्रसेवकलाई सहयोग पुऱ्याई मतियारको रुपमा कार्य गरेको देखिई यी प्रतिवादीहरुले आरोपदावी बमोजिमको कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा निज प्रतिवादीहरु जग्गाको नापनक्सा गर्ने साधिकार निकायका कर्मचारी रहेको भन्ने आधार लिई भएको उक्त फैसला त्रुटिपूर्ण हुँदा बदर भागी छ ।<br>• नापी कार्यालय चावहिलबाट टायल चेकबाट जग्गाको क्षेत्रफल बढ कायम गर्दा नेपाल सरकारको पर्ति वा सार्वजनिक वा व्यक्ति विशेषको जग्गा घुसाई बढ कायम गरेको नदेखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ मा वर्णित कसूरजन्य कार्य नदेखिएको भन्ने आधार लिई सफाई दिएको सम्वन्धमा हेर्दा, आरोपित उक्त दफा ११ मा " सरकारी निकाय वा सावनजनिक संस्थाको कागजातमा अनाधिकृत वा गैरकानूनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गर्ने वा हेरफेर गर्ने राष्ट्रसेवक वा अन्य व्यक्तीलाई कसुरको मात्रा अनुसार तीन महिना देखी दुई वर्ष सम्म कैद र पचास हजार रुपैया सम्म जरिवाना हुनेछ ।" भन्ने कानूनी ब्यवस्था रहेको र उक्त दफा बमोजिम राष्ट्रसेवक तथा अन्य ब्यक्तीले सरकारी कागजात अनाधिकृत तवरबाट सच्याउने, केरमेट गर्ने, थपघट गर्ने वा हेरफेर गर्ने कार्यलाई आपराधिककरण गरिएको देखिएको, उक्त दफा बमोजिमको कसूर हुन सार्वजनिक सरकारी सम्पती हिनामिना भएकै हुनुपर्ने भन्ने नदेखिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अवस्थामा सरकारी सार्वजनिक जग्गा हानी नोक्सानी भएको नदेखिएको भनी प्रतिवादीहरुलाई सफाई दिएको उक्त फैसला उक्त कानूनी ब्यवस्थाको ब्याख्याको रोहमा त्रुटिपूर्ण देखिन्छ।<br>• अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट यी प्रतिवादीहरुले उक्त सविक कि.नं. ६६६, ७०९ र ८१३ का जग्गाहरु कि.का. गर्दा अस्वभाविक रुपमा क्षे.फ.३४०.९८ व.मी. (०-१०-३-०) जग्गा वढ कायम गर्ने गरी अनाधिकृत रुपमा नापी कार्यालयमा रहेको सरकारी कागज सक्कल नक्सा सच्याउने तथा हेरफेर गर्ने, गलत लिखतहरुलाई प्रमाणित गरी गलत जग्गाधनी दर्ता श्रेष्ता लिखत समेत तयार गर्ने कार्य गरी आरोप दावी बमोजिमको कसूर गरेको स-प्रमाण पुष्टी भएको अवस्थामा यी प्रतिवादीहरुलाई आरोप मागदावी बमोजिम सजाय गर्नुपर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटिपुर्ण देखिएकोले उक्त फैसला वदर गरी यी प्रत्यर्थी/प्रतिवादीहरुलाई आरोप-पत्र मागदावीको कसूर ठहर गरी सजाय गरिपाउँन सम्मानित अदालत समक्ष सादर अनुरोध छ । |